# मिति २०८१/०९/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको मागदावी</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>राजेन्द्र बस्नेत, सीता बस्नेत, टुकु कुमारी बस्नेत र कृपा बस्नेत (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०२५६ र फैसला मिति २०८०/०९/०८</td>
<td>गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको</td>
<td>सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक हाल निलम्बनमा रहेका राजेन्द्र बस्नेतले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा विगो रु. ८,९८,५८,६१३।- (आठ करोड अन्ठानब्बे लाख अन्ठाउन्न हजार छ सय तेह्र रुपैया) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ र दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक बाक्यांश एवं प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरीवाना र कैद सजाय हुन समेत माग दावी लिइ निज राजेन्द्र बस्नेतले जाँच अवधिमा आर्जन गरेको श्रोत नखुलेको सम्पत्ति तथा लगानी एवं घर निर्माण लागत लगायतका खर्चहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम गैर कानूनी रुपमा आर्जन गरेको बिगो बराबरको सम्पत्ति असूल /जफत गरी पाउन माग दावी लिईएको छ । साथै प्रतिबादीहरू सिता बस्नेत, टुकु कुमारी बस्नेत र कृपा बस्नेतको हकमा जग्गाहरु खरिद तथा सवारी खरिद एवँ कम्पनीका शेयरहरु लगायतमा लगानी तथा खर्चहरु मध्ये स्रोत पुष्टि हुन नसकेको विगो रु. ८,९८,५८,६१३।- (आठ करोड</td>
<td>फैसलाः<br>विशेष अदालत काठमाण्डौबाट मिति २०८०।०९।०८ मा फैसला हुँदा प्रतिबादी राजेन्द्र बस्नेतको बैध आय रू ७,८०,५६,३४२।-९ सात करोड असीलाख छपन्न हजार तीनसय बयालिस) र व्यय रू ६,६८,९६०।४०( छ करोड अठसठ्ठीलाख नौसय साठी रूपैया चालिस पैसा) भएको देखिदा ब्यय भन्दा बैध आय रू १,१२,०७,३८१।६० (एक करोड बाह्र लाख सात हजार तीनसय एकासी रूपैया साठी पैसा )अधिक देखिन आएको हुँदा प्रतिबादीहरूलाई अभियोग मागदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारः<br>क) घर जग्गा खरीद बिक्रि गर्दा मालपोत दस्तुर,निसर्गमा पुँजीगत लाभकर लगायतको कानून बमोजिम तिर्न बुझाउनु पर्ने सम्पुर्ण रकम तिरे बुझाएको हुन्छ । प्रचलित कानून बमोजिम तिर्न बुझाउन पर्ने दैदस्तुर भुक्तानी गरी लिखतमा अंकित रकमलाई अवैध मानी गणना नगर्नु न्यायसंगत एंवम कानून संगत मान्न सकिएन ।<br>ख) प्रचलित कानून बमोजिम दृष्टि बन्धकको लिखत नै पारित गरी लिएको ब्यक्तिगत ऋणलाई अन्यथा भन्न मिल्ने देखिएन ।<br>ग) नगद प्रवाहको आधारमा खण्डिकृत गरी लगानीको श्रोत नपुगेको भनी सवारी साधन बिक्रीबाट आएको रकम आयमा गणना नगर्ने आयोगको दावी न्याय र कानूनसंगत देखिएन<br>घ) बिविध कारणले प्रतिबादीले जिकिर लिएका सम्पूर्ण सटरहरू निरन्तर भाडामा लाग्न नसक्ने व्यवहारिक अवस्था समेतलाई विचार गरी प्रतिबादीले जिकिर लिएको एकतिहाई रकम बहाल आयमा गणना गर्नु उपयुक्त र न्यायोचित देखियो ।<br>ङ) शिवहरी फुयाँल र निर्मला कुमारी सापकोटाबाट क्रमश मिति २०७३।१०।२३ र</td>
<td>उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ<br>प्रतिबादीले जाँच अवधिमा गरेको निम्न आय र ब्ययलाई सम्मानित अदालतबाट समेत समर्थन गरेको देखिदा उक्त आय ब्ययको सम्बन्धमा पुनराबेदन जिकिर लिईएको छैन<br>सम्मानित अदालतबाट प्रतिबादीको आय शिर्षक मध्ये आमा टुकु कुमारीको पेन्सन आय रू ५,०३,०४० र बैंक तथा बित्तिय संस्थाबाट लिएको कर्जा आय रू ३६,१६,७०९ ।-र ब्यय शिर्षकहरू मध्ये बैंक तथा संचयकोषमा कर्जा भुक्तानी रू ३९,७६,२९०,वीमा प्रीमियम शुल्क भुक्तानी रू ५,७०,४९०।-,सवारी साधन खरिद रू ३७,३१,०००।-,पूजिगत लाभकर - रू ३,४७,०००।-,शेयर खरिद रू १८,०००।- अध्ययन तथा शैक्षिक खर्च रू १७,८६,३२५। र बैंक मौज्दात रू ५,८७,१४८।- को विवरणलाई समर्थन नै गरी फैसलाको ठहर खण्डमा उल्लेख गरेको देखिदा सो शीर्षकहरूमा थप बिबेचना गरीरहनु परेन ।<br><br>१) उल्लिखित आधारहरु लिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट बदरभागी रहेको छ।<br>क) प्रतिबादीको आय व्ययको सम्बन्धमा अनुसन्धानको क्रममा देखिएको समग्र आय ब्ययको शिर्षक निम्न बमोजिम रहेको देखिन्छ
<table>
<tr><td colspan="3">प्रतिबादी राजेन्द्र बस्नेतको समग्र आयको बिबरण</td><td colspan="3">ब्यय</td></tr>
<tr><td>क्र.स.</td><td>शिर्षक</td><td>रकम</td><td>क्र.स.</td><td>शिर्षक</td><td>रकम</td></tr>
<tr><td>१</td><td>पारिश्रमिक बचत आय</td><td>रू ११,०२,३२८।-</td><td>१</td><td>घर जग्गा खरिद (रजिष्ट्रेशन शुल्क समेत</td><td>६,७४,२५,१४५।-</td></tr>
<tr><td>२</td><td>आमा टुकु कुमारी बस्नेतको पेन्सन बचत आय</td><td>५,०३,०४०।-</td><td>२</td><td>घर निर्माण लागत</td><td>६२,९०,५४८।-</td></tr>
<tr><td>३</td><td>जग्गा बिक्रिबाट</td><td>४,०३,७४६।-</td><td>३</td><td>कर्मचारी संचयकोष एंब बैकको साँवा ब्याज भुक्तानी</td><td>३९,७६,२९०।-</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>अन्ठानब्बे लाख अन्ठाउन्न हजार छ सय तेह्र रुपैया) लागत मुल्य वरावरको सम्पत्ति तथा भए गरेका स्रोत नखुलेका खर्च एवं लगानी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम सम्पत्तिहरु जफत गरिपाउन प्रतिवादी कायम गरिएको छ ।प्रतिबादी राजेन्द्र बस्नेतले नक्कली रसिद काटी नगद असूल गरी राजस्व दाखिला नगरी भ्रष्ट्राचार गरेको कसूरमा मिति २०७५।०६।२५ गते पक्राउ पर्दा निजको साथमा फेला परेको स्रोत नखुलेको नगदै रकम रु.११,००,०००।- (अक्षेरपी एघार लाख रुपैया ) जफत गरीपाउन माग दावी लिई बिशेष अदालतमा आरोप पत्र दायर गरिएकोमा</td>
<td>मिति २०७५।०४।२५ मा खरिद गर्दा पारित लिखतमा अंकित मुल्यलाई नै वास्तविक खरिद मुल्य मान्नु पर्ने देखियो ।<br>च) व्यक्तिले आफैले बनाएको घरमा १५ प्रतिशत ओभरहेड कस्ट र ५ प्रतिशत ठेक्का कर घटाई प्रतिबादीको घर निर्माण व्ययमा गणना गर्नु पर्ने देखियो</td>
<td>
<table>
<tr><td></td><td>प्राप्त आय</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>कर्मचारी संचय कोष एंव बैंक तथा बित्तिय संस्थाहरूबाट प्राप्त सापटी आय</td><td>३६,१६,७०९।-</td><td>४</td><td>बिमा शुल्क बुझाएको</td><td>५,७०,४९०।-</td></tr>
<tr><td>५</td><td>सवारी साधन बिक्रि बाट प्राप्त आय</td><td>१८,४७,७५०।-</td><td>५</td><td>सवारी साधन खरिद</td><td>३७,३१,०००।-</td></tr>
<tr><td></td><td>जम्मा बैध आय</td><td>७४,७३,३७३।-</td><td>६</td><td>दाजुभाईलाई अंश बापत भुक्तानी</td><td>१५,००,०००।-</td></tr>
<tr><td></td><td></td><td></td><td>७</td><td>पुँजीगत लाभकर बुझाएको</td><td>३,४७,०४०।-</td></tr>
<tr><td></td><td></td><td></td><td>८</td><td>शैक्षिक खर्च लगानी</td><td>१७,८६,३२५।-</td></tr>
<tr><td></td><td></td><td></td><td>९</td><td>मिति२०७५।०६।२५ गते प्रतिबादीको साथबाट स्रोत नुपगेको रकम बरामद</td><td>११,००,०००।-</td></tr>
<tr><td></td><td></td><td></td><td>१०</td><td>ससीता ढुंगानालाई दिएको रकम</td><td>रू १,००,००,०००।-</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ११ | साधरण शेयर खरिद | १८,०००।- |
| | | | १२ | बैक मौज्दात | ५,८७,१४८।- |
| जम्मा बैध आय | | ७४,७३,३७३ | जम्मा व्यय ९,७३,३१,९८६।- | | ९,७३,३१,९८६ ।- |

२) प्रतिबादी राजेन्द्र बस्नेतलाई आरोप माग दावीबाट सफाई दिने गरी भएको फैसला निम्न आधार र कारणबाट त्रुटिपूर्ण रहेको व्यहोरा निज प्रतिबादीको निम्न आय र व्ययको बिक्लेशणबाट देखिएको हुँदा उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको देखिन्छ ।

विशेष अदालतबाट प्रतिबादीलाई सफाई दिई फैसला गर्दा आय तथा व्ययका निम्न शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबड गरेको देखिदा सो शिर्षकहरूको आय व्ययको बिक्लेषण निम्न बमोजिम गरिएको छ ।

क) **प्रतिबादीको पारिश्रमिक आय-**: प्रतिबादीको समग्र आय रू ११,०२,३२८ गणना गरिएको छ ।अदालतबाट पारिश्रमिक आय गणना गर्दा प्रतिबादी राजेन्द्र बस्नेत मिति २०४५।०७।१९ देखि श्रेणी बिहिन पियन पदमा प्रबेश गरी नियमित रूपमा निरन्तर कार्यरत रहेको देखिन्छ ।सम्मानित अदालतबाट समेत आयोगबाट कायम गरिएको पारिश्रमिक आय रू ११,०२,३२८।–लाई नै कायम गरी फैसला गरेको देखिदा सो सम्बन्धमा कुनै जिकिर लिन परेन ।तर अदालतबाट जाँच अवधिमा निजामती किताबखानाको पत्रबाट उल्लेखित दशै भत्ता बापत रू १,१२,६६०।–प्राप्त गरेको हुँदा सो को ३० प्रतिशत जिवन निर्वाह खर्च कटाई रू ७८,८६२।–र मिति २०६६ सालदेखि प्रत्येक बर्षको लागी लुगा भत्ता बापत प्राप्त रकम रू ७,५००।–का दरले हुन आउने रकममा ३० प्रतिशत जिवननिर्वाह खर्च कट्टा गरी हुन आउने रु ५२,५००।–गरी जम्मा रू १,३१,३६२ रूपैया थप आय कायम गरिएको देखिन्छ । नेपाल सरकारले निजामती कर्मचारीको लागी बर्षको १ पटक निजले मानी आयको चाडपर्व मनाउने प्रयोजनको लागी चाडपर्व खर्च दिएको र उक्त रकम निजले मानिआएको चाडपर्व मनाउने प्रयोजनको लागि उक्त रकम उपलब्ध गराउदै आएको हुँदा उक्त रकम चाडपर्वमा खर्च भएर जाने भएको हुँदा उक्त रकमलाई आय कायम गर्न मिल्ने होईन । निजामती कर्मचारीलाई बर्षको एक चोटी निजामती ड्रेस खरिदको लागी उपलब्ध गराएको उक्त रकमलाई बचत आयमा कायम गर्न मिल्ने देखिदैन । किनभने अहिलेको अवस्थामा उक्त रकमले एक जोर कपडा खरिद गरीसकेपछि थप रकम बचत हुन सक्ने अवस्था समेत देखिदैन । तसर्थ खर्च भई जाने चाडपर्व खर्च र लुगाभत्ता खर्चलाई प्रतिबादीको आय समाबेश गरी बिशेष अदालतबाट भएको फैसला मिलेको देखिदैन।सम्मानित सर्बोच्च अदालतबाट समेत “खुद खर्च भै जाने विविध

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने” (नेपाल सरकार वि. जय प्रकाश प्रसाद गुप्ता ने.का.प. २०६८ निर्णय नं. ८७२२) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यस परिपेच्छेमा हेर्दा खुद खर्च भएर जाने आयलाई पनि बचत मानी प्रतिबादीको आय कायम हुने गरी गरेको बिशेष अदालतको उक्त फैसला सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त लाई अनदेखा गरी भएको देखिन्छ । त्यस्तो नजिर सिद्धान्त विपरितको फैसला बदरभागी रहेकोमा विवाद गर्न पर्ने अवस्था रहेन।<br>**ख)** घरजग्गा बिक्रिबाट प्राप्त आयको सम्बन्धमा :- आयोगबाट प्रतिबादीको समग्र जग्गाबिक्रिबाट प्राप्त आय रू ४,०३,७४६।–गणना गरेको देखिन्छ ।अदालतले फैसला गर्दा उक्त आय भन्दा फरक रकमलाई आयको रूपमा गणना गरिएको छ । प्रतिबादीले जाँच अवधिमा जग्गा खरीद बिक्रि गरी गरेको आय रकम रू ५,५१,८८,०२२।- लाई बैध आय मानी उक्त रकमलाई गणना गर्नु पर्छ भन्ने समेत व्यहोराको प्रतिबादीको जिकिरलाई सम्मानित अदालतबाट स्वीकार गरी उक्त रकमलाई घर जग्गा खरिद गर्दा मालपोत दस्तुर ,निःसर्गमा पुंजीगत लाभकर लगायतको कानून बमोजिम तिर्न बुझाउन पर्ने सम्पुर्ण दैदस्तुर तिरे बुझाई लिखतमा अंकित रकमलाई अवैध मानी गणना नगर्नु न्यायसंगत एवम कानूनसंगत देखिएन भन्ने आधार लिई उल्लेखित रकमलाई आय कायम गरी फैसला भएको देखिन्छ ।खरिद तथा लगानी गरी राखेका सम्पत्ति बिक्रि गरी आर्जन गरेको आय गर्नेले मुल धनमा समेत स्रोत पुष्टि गर्नु पर्ने हुन्छ ।प्रारम्भिक खर्च लगानीलाई पहिलो प्रमाणित स्रोत प्रस्तुत गर्नुपर्ने अन्यथा प्राप्त आय बैध हुन सक्ने अबस्था नरहने हुँदा बिक्रि भए गरेका सम्पत्ति प्रारम्भिक शुरूलागनीको स्रोत पुष्टि हुनु पर्ने हुन्छ ।प्रतिबादीले खरिद गरेको जग्गाहरूको शुरू खरिद गर्दा जो जति मात्रमा स्रोत पुगेको हो सो हदसम्मको जग्गालाई स्रोत पुगेको मानी आयमा कायम गरिएको छ ।प्रतिबादीले बिक्रि भए गरेका घरजग्गाहरू शुरू प्राप्ति गर्दा भए गरेका लगानी रकमहरूको स्रोत खुल्न आएका बराबरका भागहरूको बैध आयलाई निजको आयमा गणना गरिएको छ । प्रतिबादी राजेन्द्र बहादुर बस्नेत र निजको श्रीमती सीता बस्नेत समेतका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका घरजग्गाहरूबाट विक्रि गरेका अन्य घरजग्गाहरू शुरू खरिद गर्दाका बखत नै निजको आयले खामेको नपाईएको र निजले मनासिव कारण र प्रमाण पेश गरी आयलाई बैध तवरबाट पुष्टि गर्न नसकेको हुँदा त्यस्तो आयलाई बैध आयमा गणना गर्न मिल्दैन । सम्मानित सर्बोच्च अदालतबाट “ जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने ( नेपाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सरकार वि खुमबहादुर खड्का ने.का.प २०६९ नि.नं. ८८३२) प्रतिबादीले मौकामा अनुसन्धानको क्रममा पेश गरिएको सम्पत्ति विवरणमा समेत उल्लेखित आय रकमलाई कानून बमोजिम प्राप्त आय हो भनी जिकिर समेत लिन सकेको देखिदैन । सम्पत्ति विवरण भर्दा बैध स्रोत देखाउन सक्ने अवस्था नदेखिएको हुँदा आयमा जिकिर लिन नसकेको अवस्थामा पछि लिएको जिकिर अनुसार आयमा गणना गर्न मिल्ने होईन सम्मानित सर्वेच्च अदालतबाट "सार्बजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ । जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"( युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीको जग्गा खरीद गर्दा शुरू खरीदको श्रोत समेत पुष्टि नभएको र प्रतिबादीलेकानून बमोजिम बार्षिक रूपमा पेश गर्नु पर्ने सम्पत्ति विवरण फारममा समेत उल्लेख गरेको छु भनी स्वंय प्रतिबादीले जिकिर लिन नसकेको अवस्थामा पछि अदालतमा आएर निजले लिएको जिकिरलाई आधार मानी सम्मानित सर्बोच्च अदालतको पूर्ण ईजलाशबाट पछिल्लो पटक युवराज शर्मा बिरूद्ध नेपाल सरकार को मुद्दामा प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकुल हुने गरी गरिएको फैसला त्रुटिपूर्ण रहेको छ<br>**ग)** ब्यक्तिगत कर्जा आय सम्बन्धमाः- जाँच अवधीभित्र मिति २०७२।१०।२५ मा श्याम खड्गीलाई पारित र.नं.१४०२ को दृष्टिबन्धक लिखत पारित गरी प्रतिबादी राजेन्द्र बस्नेतले रू ३५,००,०००।–कर्जा लिएको भन्ने अदालतमा पेश गरेको लिखतलाई आधार मानी उक्त आयलाई प्रतिबादीको आयमा गणना गरिएको देखिन्छ ।प्रतिबादीले श्याम खड्की संग लिएको उक्त रू ३५,००,०००।– आयमा दावी गरेतापनि निजले प्रत्येक बर्ष भरेको सम्पत्ति विवरण फारम तथा प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा निजले सोचबिचार गरी तोकिएको समयभित्र प्रमाण सहित पेश गर्नु पर्ने १३ पाने सम्पत्ति विवरणमा समेत उक्त दृष्टिबन्धक कागज गरी आयको भएको रू ३५,००,०००।– को बारेमा खुलाएको देखिदैन । प्रतिबादीले आय देखाएको रू ३५,००,०००।–को व्यय पनि यो यस शिर्षकमा गरेको हुँ भनी प्रष्ट खुलाउन सकेको देखिदैन। उक्त रकम पुर्खौलीको जग्गा किन्न प्रयोग भएको भनेपनि सोको प्रमाण पेश गर्न सकेको देखिदैन। उक्त रकम घर भाडाको रकमबाट पटक पटक गरी श्याम खड्गीलाई तिरे बुझाएको भने पनि सोको प्रमाण पेश गर्न सकेको देखिदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१(क) र भष्ट्राचार निरवारण ऐन २०५९ को दफा ५० ले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सम्पत्ति विवरण लाई Mandatory ( बाध्यात्मक व्यवस्था ) मानेको र व्यक्तिले आफ्नो आय र व्ययको विवरण सम्पत्ति विवरण फाराममा अनिबार्य रूपम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । यसरी मौकाको सम्पत्ति बिबरण फाराम भर्दा प्रतिबादीले दृष्टिबन्धक लिखत पारित गरी लिएको कर्जा भनी उल्लेख गर्न नसकेको अवस्थामा अदालतमा अपुष्ट रूपमा लिएको जिकिरको आधारमा मात्र उक्त रकमलाई आय मानी गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>**घ)** सवारी साधन बिक्रिबाट प्राप्त आय सम्बन्धमाः- आयोगबाट प्रतिबादीको सवारी साधन बिक्रिबाट प्राप्त आय रू १८,४७,७५०।–कायम गरिएको छ । सम्मानित अदालतबाट फैसला गर्दा प्रतिबादीले बयानको क्रममा जिकिर लिएको रू ३३,२७,१३५।– लाई नै आय कायम गरी फैसला गरेको देखिन्छ । शुरू लगानी तथा सम्पत्ति सिर्जना गर्दाका बखतको प्रारम्भिक लगानीको स्रोत खुल्न नआएका अवस्थामा स्रोत देखिन नआएको त्यस्तो सम्पत्ति बिक्रीबाट बढे बढाएको आयहरूलाई बैध आयमा गणना गर्न कानूनसम्मत देखिदैन ।राजेन्द्र बस्नेतको नाममा दर्ता रहेका बा.५च.८४२०,बा.८ च.२७१३ र वा १० च २९९३ को सवारी खरिद गरी बिक्रि समेत भईसकेको अवस्थामा लगानीको स्रोत खुल्न आएको भागलाई मात्र बैध आयमा गणना गरिएकोमा सम्मानित अदालतबाट प्रतिबादीले लिएको जिकिर बमोजिम आय कायम गरी फैसला गर्न मिल्ने होईन । सम्मानित सर्बोच्च अदालतबाट समेत "आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ"(नेपाल सरकार वि युवराज शर्मा ने.का.प. २०६९ नि.नं. ८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले स्रोत खुल्न आएको सम्पत्तिलाई आयमा गणना गरी आरोप दावी लिईएकोमा स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिलाई समेत आयमा कायम गरी गरेको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>**ङ)** घर बहाल आय सम्बन्धमा :- आयोगबाट प्रतिबादीले मौकामा अनुसन्धानको क्रममा घर बहाल आयबाट प्राप्त आम्दानी रहेको भनी बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको हुँदा घर बहाल आयलाई गणना गरिएको देखिदैन । सम्मानित अदालतबाट प्रतिबादी राजेन्द्र बस्नेतको आमा टुकु कुमारी बस्नेतको नाममा रहेको काठमाण्डौ साविक धर्मस्थली ३(ग) मा पर्ने कित्ता नं. १०३ मा पर्ने क्षेत्रफल १-८-०-० मा सटरहरू रहेकोले प्रति सटर मासिक रू १५,०००।– आयमा गणना गरीपाउ भन्ने प्रतिबादीको जिकिरको आधारमा अदालतको आदेश बमोजिम तारेकेश्वर नगरपालिकाको वडा नं. ६ को वडा समितिले गरिदिएको सर्जमिन मुचुल्कामा उल्लेख गरिएको मिति २०७२ साल जेठ महिनादेखि बनाउन सुरू गरे |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखि नै २४ वटा सटर भाडामा प्रतिमहिना रू १३,०००।– का दरले भाडामा लागेको भन्ने उल्लेख गरेको आधारमा सम्मानित अदालतबाट उक्त घर भाडालाई आयमा गणना गरिएको अवस्था छ । तर प्रतिबादीले भाडामा लागेको भनिएको सटरहरूको भाडामा बस्ने सँग कुनै सम्झौता गरेको देखिदैन र प्रतिबादीले उक्त सटरबाट प्राप्त आम्दानीको कानून बमोजिम तिर्नु पर्ने घरबहाल कर समेत तिरेको अवस्था देखिदैन । बिविध कारणले प्रतिबादीले जिकिर लिएका सम्पूर्ण सटरहरू निरन्तर भाडामा लाग्न नसक्ने व्यवहारिक अवस्था समेतलाई विचार गरी प्रतिबादीले जिकिर लिएको एकतिहाई रकम बहाल आयमा गणना गर्नु उपयुक्त र न्यायोचित देखियो भन्ने कुनै प्रमाणित लिखत बिनाको कथनलाई आधार बनाई फैसला भएको देखिन्छ । प्रतिबादीले जिकिर लिएका सटरहरू भाडामा दिएको भए उल्लेखित मितिको सम्झौता पेश गर्नु पर्नेमा सो गर्न सकेको समेत देखिदैन ।साथै घर भाडाबाट प्राप्त आयको कर तिरेको भन्ने जिकिर समेत लिन सकेको देखिदैन । सम्मानित सर्बोच्च अदालतबाट “काठमाण्डौ जस्तो स्थानमा पाँचवटा घर भएको र भाडाबाट अस्वभाविक र उल्लेख्य परिमाणको आय प्राप्त गरेको जिकिर लिइन्छ भने त्यसलाई व्यवसायकै रूपमा मान्नु पर्ने हुँदा मौखिक जिकीरका भरमा आय प्रदान गर्न मिल्दैन । ठुलो परिमाणमा घर भाडा प्राप्त गरेको भन्ने व्यक्तिले घर भाडा दिएको संझौता तथा कर तिरेको प्रमाण पेश गर्नु प्रर्ने(प्रकरण ४६) ,अपुष्ट,अतार्किक र हचुवा आधारमा गरिने कल्पनाबाट अदालत सन्तुष्ट हुन सक्तैन। बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिईने दावीलाई कानुनसंगत मान्न नसकिने (प्रकरण ४८),आफ्नो जिकीरलाई वस्तुपरक र कानुनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त बस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा मुद्दाका पक्षले अपुष्ट भनाई राखेकै आधारमा अदालतले पनि त्यसै गर्ने अवस्था नरहने (प्रकरण नं. ४९) ( नेपाल सरकार बि. लीलाराज गौतम ने.का.प.२०६९ अंक २ नि.नं. ८७७०) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले ठुलो परिमाणमा घरभाडा आय दावी गरेको र उक्त घर भाडा दिएको घरको सम्झौता र कर तिरको प्रमाण पेश गर्न नसकेको अवस्थामा मौखिक अपुष्ट भनाई राखी आयमा गणना गरीपाउ भन्ने जिकिर लिएको आधारमा उक्त आय कायम गर्न सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त लप ठाडो उल्लंघन हो । साथै प्रतिबादीले आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत घर भाडामा आय आर्जन गरेको भनी उल्लेख गरेका छैनन। कानून बमोजिम राष्ट्रसेवकले बार्षिक रूपमा निजामती कितावखानामा पेश गर्ने सम्पत्ति विवरणमा समेत उक्त आयलाई उल्लेख गरेको समेत नपाईदा यस्तो आयलाई मान्यता दिन कानून विपरित हुन्छ । सम्मानित सर्वेच्च अदालतबाट “सार्बजनिक पदमा बहाल |

रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ । जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"( युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ । यसरी पछि सिर्जना गरिएको प्रमाणलाई आधार बनाई दिईएको आयलाई मान्यता दिई भएको शुरू बिशेष अदालतको स्वईच्छाचारी मनमौजी एंव कानूनतह त्रुटिपूर्ण भई सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ ।

**च)** सामाजिक कार्यबाट भएको आय :- आयोगबाट प्रतिबादीले सामाजिक कार्यबाट प्राप्त गरेको आय प्राप्त गरेको भन्ने निजले भरेको सम्पत्ति विवरणमा समेत उल्लेख नगरेको र प्राप्त गरेको भन्ने बस्तुनिष्ठ प्रमाण आयोगमा पेश गर्न नसकेको हुँदा आयमा गणना गरिएको छैन । प्रतिबादीले सम्मानित अदालतमा रू ५,००,०००।– आय आर्जन गरेको हुँदा उक्त आयलाई कायम गरीपाउन जिकिर लिएको भएपनि सम्मानित अदालतबाट रू ३,००,०००।–आयलाई प्रतिबादीको आयमा गणना गरिएको छ । प्रतिबादीले आयोगमा पेश गरेको सम्पत्ति बिवरण फारममा उक्त आय हुने भनेर पेस गर्न नसकेको अवस्थामा पछी सोचविचार गरेर कसूरबाट बच्ने उद्देश्यले लिएको जिकिरलाई आधारमानी कायम गरिएको आय मिलेको नदेखिदा त्रुटिपूर्ण रहेको छ ।

**छ)** अतः माथि उल्लेखित बिबेचित आय शिर्षक प्रतिबादीको पारिश्रमिक बचत आय,टुकु कुमारीको पेन्सन आय जग्गा बिक्रिबाट प्राप्त आय ,बैंक तथा बित्तिय संस्थाबाट प्राप्त ऋण सापटी आय,सवारी साधन बिक्रीबाट प्राप्त आयबाट प्रतिबादीको जाँच अबधीमा जम्मा रू ७४,७३,३७३।– रूपैया बैध आय आर्जन गरेको पुष्टि हुँदा हुँदै सम्मानित अदालतबाट प्रतिबादीले गैर कानूनी रूपमा आर्जन गरेको रकमलाई समेत बैध आय कायम गरी गरिएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

**२) प्रतिबादीको समग्र व्यय शिर्षक-:**

**क) घर तथा जग्गा खरिद सम्बन्धमा** :- आयोगबाट प्रतिबादीको घर तथा जग्गा खरीदमा जम्मा रू ६,७४,२५,१४५।–व्यय कायम गरिएको छ ।प्रतिबादीले जग्गा खरिद सम्बन्धमा आयोगबाट कायम गरिएकोमा अन्य जग्गाहरूमा सहमती जनाई कि.नं. ३४६को क्षे.फ.१-०-०-२ जग्गा र कि.नं. ३५८ को क्षे.फ.०-८-३-० खरीद गरेको जग्गाको कायम गरिएको मुल्यमा मालपोत कार्यालयबाट पारित लिखतको आधारलाई व्यय कायम गरीपाउनु पर्छ भन्ने समेतको जिकिर लिई अदालतमा बयान गरेको देखिन्छ उक्त बयानमा लिएको जिकिरलाई आधार लिई सम्मानित अदालतबाट समेत स्वीकार गरी प्रतिबादीले जिकिर

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लिएको कि.नं. ३४६को क्षे.फ. १-०-०-२ को जग्गाको लिखत मुल्य रू १६,१०,०००।– र कि.नं. ३५८ को जग्गा रू ३५,७७,८००।– भएको हो भनी कायम गरेको देखिन्छ । तर मिशिल संलग्न कागजात हेर्दा सिता बस्नेतलाई शिवहरी फुयालले रू १,००,००,०००।–मा बिक्रि गरेको हो भनी आयोगमा उपस्थित भई कागज गरेको देखिन्छ ।यस्तै कि.नं. ३५८ को जग्गा निर्मला कुमारी सापकोटाले खरिदकर्ता सिता बस्नेतलाई रू ७०,००,०००।–मा बिक्रि गरेको हो भनी कागज गरेको देखिन्छ ।शिवहरी फूयालको कृषि बिकास बैंकको खातामा राजेन्द्र बस्नेतले लिखत पारित हुनु दुई दिन अगाडी मिति २०७३।१०।२१ मा जम्मा गरेको देखिएको र उक्त रकम जग्गा बिक्रि गरेबापतको हो भनी  शिवहरी फूयालले कागज गरेको देखिदा सम्मानित अदालतबाट लिएको उक्त आयलाई कायम गरिएको त्रुटिपूर्ण रहको देखिन्छ । यस्तै कि.नं. ३५८ को जग्गा सीता बस्नेतले निर्मला कुमारी सापकोटाबाट मिति २०७५।०४।२५ मा खरिद गर्दा रजिष्ट्रेशन दस्तुर रू ३५,७७,८००।– राखेको भएतापनि निर्मला कुमारी सापकोटाको सेन्चुरी बैंकको खातामा मिति २०७५।०३।२९ मा रू ७०,००,०००।–राजेन्द्र बस्नेतले जम्मा गरिदिएको देखिन्छ उक्त रकम जग्गा बिक्रि गरेबापतको हो भनी कागज समेत गरेको देखिन्छ । उक्त रकम अन्य कुनै प्रयोजन लागी दिएको भनेर प्रतिबादीले जिकिर लिन सकेको समेत देखिदैन र उक्त रकम बाहेकको अन्य रकम निजहरूको खातामा जम्मा भएको समेत देखिदैन ।सम्मानित सर्बोच्च अदालतबाट रामाज्ञा चतुर्बेदी बि. नेपाल सरकार भएको मुद्दामा न्यायिक प्रकृयामा प्रमाण बुझ्ने तथा प्राप्त प्रमाण ग्रहण गर्ने सम्बन्धमा निश्चित कानुनी आधार र न्यायिक मापदण्डहरु रहेका छन । त्यसको बिपरीत जुनसुकै प्रकृयाबाट मिसिलमा समाबेश हुनम आएका कुरालाई प्रमाणको रूपमा मान्न र त्यसको आधारमा कुनै पनि न्यायिक निष्कर्षमा पुग्न सम्भव नहुने (ने.का.प. २०६८ अंक ६ नि.नं. ८६३०) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादी स्वंयमले जग्गा बिक्रिकर्ता शिवहरी फुयाल र निर्मला कुमारी सापकोटाको खातामा रकम जम्मा गरिदिएको देखिएको र उक्त रकम अन्य प्रयोजनको लागी दिएको हो भनी पुष्टि गर्न नसकेको अवस्था हुँदा हुँदै बिना आधार कारण प्रमाणको समुचित मुल्यांकन नगरी आयोगले कायम गरिएको बिगोलाई अमान्य ठहर गरी प्रतिबादीले लिएको अपुष्ट रूपमा लिएको जिकिर बमोजिम नै व्यय कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>**ख)** घर निर्माण लागत सम्बन्धमा :- आयोगबाट प्रतिबादीको घर निर्माण तर्फ रु ६२,९०,५४८।–लाई व्यय कायम गरेको देखिन्छ । प्रतिबादीले तारेकेश्वर वडा नं. ११ मा निर्माण भएको आमा टुकु कुमारीको घर जाँच अबधी भन्दा पहिलानै निर्माण भएको हुँदा मिति २०७२ सालको भुकम्प पछि रू १०,००,०००।– मा सवलीकरण (Retrofit) गरेको भनी जिकिर लिएपनि प्रतिबादीले लिएको जिकिरमा अदालत सहमत नभएपनि प्रतिबादीले लिकिर लिदै नलिएको व्यक्ति आफैले बनाएको घरमा १५ प्रतिशत ओभरहेड र ५ प्रतिशत ठेक्का कर समाबेश नहुने भनी कुल रू ६२,९०,५४८।– मा २० प्रतिशत घटाई अर्थात रू १२,५८,१०९।६० रकम घटाई हुन आउने रू ५०,३२,४३८।४० लाई व्यय कायम गरिएको देखिन्छ । जबकी प्रतिबादी आफैले बनाएको घरमा उक्त २० प्रतिशत ओभरहेड र ठेक्का कर कट्टा गर्नु पर्ने हाम्रो अदालती अभ्यास हो । प्रस्तुत मुद्दामा प्रतिबादीले उक्त घर आफैले बनाएको हुँदा उक्त कर कट्टी हुनु पर्ने भन्ने जिकिर लिन नसकेको अवस्थामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अदालतले अनुमानको आधारमा प्रतिबादीले नै बनाएको हो भनी  उक्त रकम कट्टा गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ<br>**ग)** अंशियारहरूलाई अंश वापत दिएको नगद व्यय :- आयोगबाट प्रतिबादीको दाजुहरूले आमाबाट अलग हुँदा अंशबापत लिएको रकम रू १५,००,०००।–लाई व्ययको रूपमा गणना गरिएको छ ।राजेन्द्र बस्नेतको आमा टुकु कुमारी बस्नेतले मिति २०६८।१०।०४ मा पाँच भाई छोराहरू मध्ये पैतृकसम्पत्ति बापत उद्धवराज बस्नेत,राजकुमार बस्नेत,र दिपेन्द्रराज बस्नेतलाई जनही रू ५,००,०००।– का दरले रू १५,००,०००।–दिई भिन्न रहि प्रतिबादी राजेन्द्र बस्नेत र भाई रबि बस्नेत आमा टुकु कुमारी संग एका सगोलमा बसेको देखिन्छ ।प्रतिबादीको आमा टुकु कुमारीको कुनै आम्दानीको स्रोत देखिदैन । अंशियारहरूलाई अचल सम्पत्तिको सट्टा नगद दिने हैसियत र अवस्था रहे भएको देखिदैन । सबै अंशियारहरू छुट्टी भिन्न पश्चात आमा टुकु कुमारी बस्नेतको नाममा रहेको पैतृक चल अचल सम्पत्ति आफु राजेन्द्र बस्नेतले खान पाउने गरी कानुनी अधिकार लिई बसेको हुँदा आफुले आमाको नाममा रहेका अचल सम्पत्ति भोग गर्नका लागि भाईहरुलाई पैतृक अंश वापत आमा टुकु कुमारीको हातबाट नगद भुक्तानी दिलाएको पुष्टि भएको हुँदा अंश वापत अंशियारहरूलाई दिएका नगद रकमलाई राजेन्द्र बस्नेतको व्ययमा कायम गरी फैसला गर्नु पर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>**घ)** ससीता ढुंगानालाई दिएको रकम- प्रतिबादीले ससीता ढुंगानालाई दिएको रकमको सन्दर्भमा हेर्दा सन २०१८।११।२२ तदअनुसार २०७५।०८।१६ मा NIC-Asia बैंकमा ससीता ढुंगानाको नाममा खाता खोली सीता बस्नेतको नाममा रहेको NIC-Asia बैंकमा रहेको खाता नं. ३८८९६५०७५१५२४०१ को चेक नं. १७७७३०१५ बाट ससीता ढुंगानालाई रू एक करोड दिएको देखिन्छ ।ससिता ढुंगानाले आयोगमा बयान गर्दा उक्त रकम सिता बस्नेतले आफुलाई दिई उक्त रकम राजेन्द्र बस्नेत र सीता बस्नेतले भनेका व्यक्तिहरूलाई नै भने अनुसार रकम उल्लेख गरी कृपा बस्नेत,रितिक बस्नेत लगायतका व्यक्तिलाई आफुले चेक काटेर दिएको हो उक्त रकम मेरो स्रोतबाट आर्जित रकम होईन भनी खुलाई दिएको देखिन्छ ।प्रतिबादीले अदालतमा बयानको क्रममा उक्त रकम ससीता ढुंगानालाई कर्जा भुक्तानी गर्ने प्रयोजनको लागी चेक मार्फत प्रदान गरेको हो भनेर जिकिर लिएपनि के काम प्रयोजनको लागी उक्त रकम बराबरको कर्जा लिएको भन्ने बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको छैनन ।ससीता ढुंगानाबाट उक्त रकम लिनु पर्ने प्रयोजन पनि उल्लेख गर्न सकेको देखिदैन । निज ससीता ढुंगनाबाट कर्जा लिएको भन्ने निजको बैंक खाताबाट प्रतिबादीको खातामा उक्त रकम गएको भन्ने पनि देखिदैन ।साथै यी प्रतिबादीले उक्त एक करोड रूपैया सिता बस्नेतको नाममा आएको स्रोत समेत बयनाको क्रममा र लिखित प्रतिबादमा समेत खुलाउन सकेको देखिदैन । राजेन्द्र बस्नेतले आफुसँग रहेभएका स्रोत खुल्न नसक्ने रकमहरू अन्य व्यक्तिहरूलाई दिई आफु अनुकुलका व्यक्तिहरू समक्ष पुर्या ई निजका नाममा सम्पत्ति खरिद तथा लगानी गरेको भन्ने ससीता ढुंगाना,रितिक बस्नेत समेतको कागजबाट पुष्टि हुँदा हुँदै उक्त रकमलाई प्रतिबादीको व्यय कायम गर्नु पर्नेमा नगरी फैसला गर्न मिल्ने होईन सम्मानित सर्बोच्च अदालतबाट समेत ...श्रेतग्रीवी अपराधको रूपमा परिचित भष्टाचारको कसुर गर्ने र भ्रष्टाचारबाट गरिएको आर्जन लुकाउने तौरतरिका अनेक  हुन सक्छन । गैरकानुनी आर्जन गर्नेले सधै आफू वा आफ्नो परिवारका सदस्यका नाममा मात्र सम्पत्ति |

राख्दछ वा राखेको हुनुपर्दछ भन्ने छैन । यस्तो कसुर गर्ने व्यक्तिले आफ्नो परिवारको सदस्यको नाममा सम्पत्ति राख्दा समातिने डरले परिवारका सदस्य बाहेकका नातागोता,इष्टमित्र लगायत अन्य चिनजानका साथीभाई एवं व्यापारीहरूका नाममा समेत सम्पत्ति लुकाउन सक्ने अवस्था र स्थितिलाई इन्कार गर्न नमिल्ने "( ने.का.प. २०७२ अंक १२ नि.नं.९५०५ नेपाल सरकार बि. उमेश कुमार रेग्मी समेत) भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।यसरी प्रतिबादीले आफुले गैरकानुनी रूपमा आर्जन गरेको रकमलाई बैध गर्नको लागी आफ्नो श्रीमतीको बैंक खाताबाट ससीता ढुंगानाको खातामा पठाई निजको खाताबाट समेत अन्य व्यक्तिहरूको खातामा पठाएको पुष्टि हुँदा हुँदै उक्त रकमलाई व्यय कायम नगरी भएको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त बिपरीत रहेको छ ।

**ङ)** प्रतिबादीको संगसाथबाट फेला परेको रकम :- आयोगबाट प्रतिबादीको साथबाट रू ११,००,०००।–फेला परी उक्त रकमको श्रोत पुष्टि गर्न नसकेको आधारमा उक्त रकमलाई जफतको माग दावी लिएको देखिन्छ । प्रतिबादीको संग साथबाट मिति २०७५।६।२५ मा फेला परेको रू ११,००,०००।– रकमको एकिन स्रोत राजेन्द्र बस्नेतले पुष्टि गर्न नसकेको हुँदा उक्त रकम जफत गरीपाउन समेतको माग दावी लिई आरोप पत्र दायर गरेकोमा प्रतिबादीले सम्मानित अदालतमा बयानको क्रममा समेत उक्त रकमको स्रोत पुष्टि गर्न सकेको देखिदैन यस्तो अवस्थामा प्रतिबादीको साथबाट बरामद रहेको उक्त रकम जफत गर्नु पर्नेमा उक्त रकमको कसूरको दावी नलिई जफत सम्म माग गरेको देखिएको र कुन कानून बमोजम जफत माग गरेको हो उल्लेख गरेको आरोपमा उल्लेख भएको नदेखिदा आवश्यक कारवाहीको लागी सो रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा फिर्ता पठाईदिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

**च)** अतः माथि बिबेचित प्रतिबादीको घर जग्गा खरिद,घर निर्माण लागत,कर्मचारी संचयकोष एंव बैंकको साँवा ब्याज भुक्तानी ,बिमा शुल्क बुझाएको रकम,सवारी साधन खरिद,दाजुभाईलाई अंश बापत भुक्तानी,पुजिँगत लाभकर बुझाएको, शैक्षिक खर्च लगानी, ,ससीता ढुंगानालाई दिएको रकम,साधरण शेयर खरीद रकम र बैंक मौज्दात समेतबाट प्रतिबादीको समग्र ब्यय रू ९,७३,३१,९८६।— भएको पुष्टि हुँदा हुँदै मिशिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एबं सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी आयोगबाट कायम गरिएको ब्यय भन्दा कम ब्यय कायम गरी भएको फैसला बदरभागी रहेको छ

अतः माथि उल्लेखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले प्रतिबादी राजेन्द्र बस्नेतलाई सफाई दिने र प्रतिबादीहरु सीता बस्नेत,टुकु कुमारी बस्नेत र कृपा बस्नेतको नाममा रहेको सम्पत्ति जफत नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।